ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 07.08.2024

**स्टेड एसेमली**

राज्य विधानसभा सत्रको तेस्रो दिन आज सदनको बैठक वित्तीय कार्यवाहीबाट आरम्भ भयो। मुख्यमन्त्री तथा वित्त विभागका प्रभारी मन्त्री श्री प्रेमसिंह तामङले वित्त वर्ष 2017-2018 अनि वित्त वर्ष 2018-2019 का लागि प्रस्तुत गर्नु भएको अतिरिक्त अनुदान मांग सम्बन्धी सिक्किम विनियोग विधेयक 2024 लाई बहसविनै पारित गरियो।

त्यसपछि सदनले वित्त वर्ष 2024-2025 का लागि छ जना मन्त्रीहरूले प्रस्तुत गर्नुभएको उहाँहरू अधिका चौधवटा विभागको छुट्टै अनुदान मांगलाई पनि अनुमोदन गर्यो। जनस्वास्थ्य अभियान्त्रिकी जल संसाधन तथा धर्म विषयक विभागका मन्त्री श्री सोनाम लामा, भवन तथा आवास अनि श्रम विभागका मन्त्री श्री भीमहाङ लिम्बु, शहरी विकास र खाद्य तथा नागरिक आपूर्ति विभागका मन्त्री श्री भोजराज राई, कृषि, वाग्वानी, पशुचिकित्सा सेवा तथा माछापालन विभागका मन्त्री श्री पूरण कुमार गुरूङ सड़क तथा पुल मन्त्री श्री नरबहादुर दाहाल अनि शिक्षा, खेल तथा युवा मामिला, कानुन एवं संसदीय मामिला मन्त्री श्री राजु वस्नेतले उहाँहरू अधिनका विभागहरूका लागि छुट्टै अनुदान मांग प्रस्तुत गर्नुभएको थियो।

भोलि लेप्चा समुदायको महान पर्व तेन्डोङ ल्हो रम फातको कारणले राज्यमा सार्वजनिक विदा भएको हुँदा विधानसभाको अघिल्लो बैठक आँउदो शुक्रवार नौ अगस्तमा बस्नेछ। त्यस दिन रहल विभागका वार्षिक अनुदान मांग र अधिवेशनको पहिलो दिन पाँच अगस्तमा प्रस्तुत गरिएको वित्त वर्ष 2024-2025 को बजट पारित हुनेछ। यसैवीच प्रादेशिक समाचार एकांशले राज्यविधानसभामा आज भएको कार्यवाहीमाथि समीक्षात्मक वार्ता प्रसारित गर्नेछ। यसलाई अहिले भुटिया समाचारको लगत्तै पछि छ बजेर पचपन्न मिनटमा सुन्न सकिनेछ।

**वल्ड ब्रिस्ट फिडिङ वीक**

विश्व स्तनपान सप्ताहको अवसरमा पाकिममा आयोजना गरिएको कार्यक्रम आज सम्पन्न भयो पाकिम ग्रामीण परियोजना र महिला तथा बाल विकास विभागद्वारा आयोजित समापन दिवसको कार्यक्रममा पाकिमका अतिरिक्त जिल्लाधीश श्री सांगे ग्याछो भुटिया मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो आफ्नो वक्तव्यमा उहाँले भन्नुभयो नानीहरूको शारीरिक र मंनोवौज्ञानिक विकास लगायत समग्र विकासमा समन्वित वाल विकास सेवा आईसिडिएस को भूमिका महत्वपूर्ण हुन्छ। नानीहरूका लागि आवश्यक हेरचाहमा आंगनवाड़ी कार्यकर्ताहरूको समर्पित प्रयासको प्रशंसा गर्दै श्री भुटियाले प्रत्येक क्षेत्रमा नानीहरूको उत्थानका लागि सहयोग गर्ने आश्वासन दिनुभएको आफ्नो वक्तव्य महिला तथा बाल विकास विभागकी उप निदेशक गाकिला फेम्पुले गर्भवती महिलाहरू र स्तनपान गराउने आमाहरूका लागि सन्तुलिक आहार र स्तनपानको सही तरीकाबारे अवगत गराउनु भयो। सोरेङ जिल्लाको आंकाक्षी प्रखण्ड चुम्बोङ अधिन तल्लो आरूबोटे आंगनवाड़ी केन्द्रले पनि विश्व स्तनपान सप्ताह पालन गर्यो। हिजो आयोजित समापन कार्यक्रममा उपस्थित विशेषज्ञहरूले स्तनपानको महत्व र उपयुक्त भोजनहरूबारे जानकारी दिए। यसमा प्रधानमन्त्री मातृ वन्दन योजना सन्देशबारे पनि अवगत गराइयो।

**एनएसपी अवार्ड**
नेपाली साहित्य परिषद सिक्किमद्वारा भाषा मान्यता दिवसको अवसरमा प्रदान गरिने संगीत विधाको कञ्चनजंघा मित्रसेन स्मृति पुरस्कारले यसपालि प्रसिद्ध संगीतकार दार्जीलिङ निवासी श्री वसन्त छेत्रीलाई अंलकृत गरिने भएको छ।

33 औं भाषा मान्यता दिवसको उपलक्ष्य आगामी बीस अगस्तका दिन गान्तोकको मनन केन्द्रमा आयोजित हुने समारोहमा उहाँलाई पुरस्कृत गरिनेछ। पुरस्कारको रूपमा प्रशस्तिपत्र, अंगवस्त्र, स्मृतिचिन्ह र एक लाख रूपियाँ नगद राशि सामेल छन्।

कार्यक्रममा सिक्किम विश्वविद्यालयको अन्तिम सन्नान्त परीक्षामा नेपाली विषयमा सर्वाधिक अङ्क प्राप्त गर्ने विद्यार्थीलाई प्रेमलाल स्मृति शैक्षिक पुरस्कार प्रदान गरिनेछ। सम्वैधानिक मान्यतापछि नेपाली भाषाको स्थितिमाति वार्ता र स्थानीय कलाकारहरूबाट साङ्गीतिक प्रस्तुति समारोहका अन्य आकर्षण रहनेछन्।

**नेश्नल हेन्डलुम डे**
देशमा आज दशौं हस्तकला दिवस मनाइयो। नयाँ दिल्लीको विज्ञान भवनमा आयोजित समारोहमा उपराष्ट्रपति श्री जगदीप धनखडले हस्तकला क्षेत्रमा उत्कृष्ट योगदानका लागि जुलाहाहरूलाई सन्त कबीर र राष्ट्रिय हस्तकला पुरस्कार प्रदान गर्नुभयो। समारोहमा बेल्दै उहाँले भन्नुभयो प्रधानमन्त्री श्री नरेन्द्रमोदीले भोकल फर लोकलको मन्त्र दिनुभएको छ। यसैवीच प्रधानमन्त्रीले हस्तकला दिवसको अवसरमा देशवासीहरूलाई शुभकामना दिनुभएको छ।

**फुटबल**
छोगेल सर टाशी नाम्गेल स्मारक स्वतन्त्रता दिवस फुटबल टुर्नामेण्ट 2024 गान्तोकको पाल्जोर स्टेडियममा भोलिदेखि शुरू हुनेछ। राज्यको गृह विभागको तत्वावधानमा यसको आयोजना सिक्किम फुटबल संघले गरिरहेछ।

टुर्नामिेण्टमा सिक्किमका कुमार स्पोर्टिङ क्लब गान्तोक, आक्रमण फुटबल क्लब, सिक्किम पुलिस र गान्तोक हिमालयन स्पोर्टिङ क्लब लगायत आसामबाट इलेमेन स्टार क्लब, कञ्चनजंघा फुटबल क्लब सिलगढी, मिजोरामबाट खजल भेङथार फुटबल क्लब र नेपाल एपिएफ क्लब काठमाडौं गरी आठवटा टीमले भाग लिइरहेछन्। भोलि उद्घाटन म्याचमा कुमार स्पोर्टिङ क्लब गान्तोक र नेपाल एपिएफ क्लब काठमाण्डुवीच भीडन्त हुनेछ। सेमिफाइनल म्याचहरू वाह्र र तेह्र अगस्तमा खेलिनेछन् भने फाइनल पन्ध्र सगस्तमा हुनेछ।